नेपाल सरकार

# गृह मन्त्रालयको सूचना

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा,

३. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने काम संग सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, झिक्ने वा थन्क्याउने कामसंग सम्बन्धित सेवा,

५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,

६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने र वितरण गर्ने कामसंग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,

७. सञ्चार सेवा,

८. आन्तरिक सुरक्षा कार्यसंग सम्बन्धित सेवा,

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,

१०. पर्यटन आवास, मोटेल, होटल, रेष्टुराँ र रिजर्ट सम्बन्धी सेवा,

११. पेट्रोलियम पदार्थ (एल.पी.ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निमार्ण तथा बिक्रि वितरण सम्बन्धी सेवा,

१३. फोहरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थल निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा,

१४. बैकिङ्ग सेवा,

१५. बीमा सेवा,

१६. विद्युत सेवा ।

आज्ञाले,
भोलाप्रसाद शिवाकोटी
नेपाल सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार



१९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।